# माननीय अर्थ मन्त्री श्री सुनिल कुमार यादवले मधेश प्रदेश सभामा प्रस्तुत गर्नु भएको मधेश प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता


मधेश प्रदेश सरकार

**अर्थ मन्त्रालय**

जनकपुरधाम, नेपाल

जेष्ठ, २०८२

**www.mof.madhesh.gov.np**

**माननीय सभामुख महोदय,**

१. मधेश प्रदेशको यस गरिमामय प्रदेश सभामा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को व्यवस्था बमोजिम विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न उपस्थित भएको छु।

२. मधेश प्रदेशमा प्रदेश सरकारको गठन भएदेखि हालसम्मको छोटो अवधिमा नागरिकको आधारभूत आवश्यक्ताको परिपूर्ति, विकास र समृद्धि, मानव विकास, भौतिक विकास, आर्थिक वृद्धि, आर्थिक सामाजिक रुपान्तरण र सामाजिक न्याय एवं नागरिकको जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ ।

३. मधेश प्रदेशको अर्थतन्त्रमा देखिएको न्यून आर्थिक वृद्धि, उत्पादन एवं व्यापारमा शिथिलता, राजस्व संकलनमा संकुचन, कमजोर विनियोजन दक्षता, पूँजीगत खर्चमा संकुचन, संघीय अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त रकमको न्यून परिचालन, स्रोत सुनिश्चितता भएका बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन, निजीक्षेत्रको न्यून परिचालन, कमजोर वित्तीय अनुशासनजस्ता समस्याको समाधान गर्दै प्रदेशको आवश्यक्ता, प्राथमिकता एवं जनअपेक्षाको उचित सम्वोधनका लागि उपलब्ध सम्पूर्ण स्रोत साधन एवं सामर्थ्यको विवेकपूर्ण परिचालन आवश्यक छ ।

४. मधेश प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता तय गर्दा मैले नेपालको संविधान, सोह्रौ आवधिक योजना र दोस्रो प्रादेशिक आवधिक योजनामा प्रस्ताव गरिएका नीति, सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य प्राप्त गर्ने सन्दर्भमा प्रदेशका तर्फवाट गर्नुपर्ने योगदान, राजनीतिक दलहरुले गरेका प्रतिबद्धता र मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**माननीय सभामुख महोदय,**

अव म आगामी आर्थिक वर्ष २०८२।८३ का लागि प्रस्तुत गरिने मधेश प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**५. आत्मनिर्भर अर्थतन्त्र निर्माण**

मधेश प्रदेशको अर्थतन्त्रलाई स्वतन्त्र, समृद्ध र आत्मनिर्भर बनाउन उपलब्ध सम्पूर्ण स्रोत साधन र सामर्थ्यको पूर्ण परिचालन गरिनेछ। सार्वजनिक वित्त सन्तुलन कायम गर्न राजस्व

परिचालनलाई प्रभावकारी बनाईनेछ । आर्थिक क्रियाकलापलाई तीव्र बनाईनेछ । सरकारी, निजी र सहकारी क्षेत्रको लगानी मार्फत तीव्र आर्थिक वृद्धि हासिल गरी अर्थतन्त्रलाई गतिशील बनाईनेछ। संघप्रतिको निर्भरता अन्त्य गर्न कृषि, पर्यटन, कृषिमा आधारित उद्योगहरुमा लगानी, कृषि आधुनिकीकरण गरि उत्पादन र उत्पादकत्व बढाउने, युवा उद्यमशीलता तथा नवप्रवर्तन एवं रोजगारीका अवसर सिर्जना गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

६. **दिगो र तीव्र गतिको विकास**

प्रादेशिक आकांक्षा अनुरुप दिगो र तीव्र गतिको विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ। विकास प्रक्रियामा रहेका कमी कमजोरी अन्त्य गरी परिणाममुखी कार्यक्रम तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । प्राकृतिक स्रोत साधनको अत्याधिक दोहन न्यूनीकरण गर्ने, नदी, ताल तलैया र प्राकृतिक सम्पदाको दिगो र सन्तुलित उपयोग गर्दै जलवायु परिवर्तनले पारेका नकारात्मक असरहरु न्यूनीकरण गर्न अनुकुलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. **मानव विकास र सामाजिक न्यायः**

समाजमा रहेका विभेद शोषण अन्त्य गरी सामाजिक समानता कायम गर्न एवं सामाजिक न्यायको प्रत्याभूति दिन मानव विकास सुचकांक कमजोर रहेको क्षेत्रमा मानव विकासका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रादेशिक स्रोत साधनको न्यायोचित वितरण गरी प्रादेशिक लगानीलाई सामाजिक क्षेत्रमा केन्द्रित गरिनेछ। शैक्षिक सुधारका कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालित गरिनेछ। लगानीको प्रतिफल सवै जात/जाती, वर्ग समुदायले समान रुपले उपभोग गर्न पाउने गरी न्यायोचित वितरण प्रणालीको विकास गरिनेछ।

८. **समन्वय र सहकार्य**

अन्तर तह र अन्तर निकाय एवं सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रबीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाईनेछ। संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गतका कार्यक्रममा दोहोरोपना नहुनेगरी आवश्यक समन्वय र सहकार्य गरिनेछ। बजेट प्रणालीमा सामयिक सुधार गरी वित्तीय संघीयतालाई थप गतिशील बनाईनेछ।

९. **सार्वजनिक निजी साँझेदारी प्रवर्धन तथा लगानीमैत्री वातावरणः**

आर्थिक सामाजिक रुपान्तरण र सन्तुलित विकासमा निजी क्षेत्रको योगदान अभिवृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।निजी क्षेत्रको समग्र विकासको लागि नीतिगत तथा संस्थागत सुधार गरिनेछ । लगानीमैत्री वातावरण सिर्जना गरी प्रादेशिक प्राथमिकताका उच्च प्रतिफल हासिल हुने आयोजनामा लगानी अभिवृद्धि गरिनेछ।

१०. **सार्वजनिक वित्त सन्तुलन र वित्तीय अनुशासन**

सार्वजनिक वित्त सन्तुलन कायम गर्न राजस्व परिचालनलाई थप प्रभावकारी बनाईनेछ ।सार्वजनिक वित्त व्यवस्थापनमा देखिएका विकृतिको अन्त्य गर्दै पूर्व तयारी भएका कार्यान्वयन योग्य आयोजनामा मात्र बजेट विनियोजन गरिनेछ ।सार्वजनिक खर्चको विनियोजनमा कुशलता अभिवृद्धि गर्दै प्राथमिकता प्राप्त आयोजनाहरुमा बजेटको अभाव हुन नदिने व्यवस्था गरिनेछ। बजेट प्रणालीलाई पूर्णरुपमा क्रियाकलापमा आधारित बनाउँदै मन्त्रालयगत रुपमा अवण्डा बजेट राख्ने अभ्यासलाई निरुत्साहित गरिनेछ।आर्थिक अनुशासन, सरकारी खर्चमा मितव्ययिता, लेखाङ्कन र प्रतिवेदन प्रणालीको सुधार मार्फत सार्वजनिक वित्त व्यवस्थापनमा विशेष ध्यान दिईनेछ।

११. **जनमैत्री सेवा प्रवाह र सुशासन**

सार्वजनिक सेवा प्रवाहलाई प्रक्रियागत सरलीकरण गरिनेछ । नागरिकको सहजताका लागि सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

अव म मधेश प्रदेश विनियोजन विधेयक, २०८२ मा समावेश हुने क्षेत्रगत प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

१२. **कृषि तथा पशुपन्छी विकास**

मधेशको कृषि उत्पादनले देशलाई नै खुवाउन पुग्ने गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन तथा खाद्य सुरक्षाको प्रत्याभूति दिन विशेष कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।कृषि क्षेत्रलाई यान्त्रिकीकरण, आधुनिकीकरण, व्यावसायीकरण गरी खाद्यान्न बाली उत्पादनमा अग्रणी प्रदेशको रुपमा स्थापित गरिनेछ। कूल प्रादेशिक आयमा कृषि क्षेत्रको हिस्सा बढाउने, कृषि उपजमा आत्मनिर्भरता हासिल गर्न अन्न, फलफूल, माछा लगायतका

उत्पादनशील क्षेत्रमा उद्यमीहरुलाई सरल कर्जा, वीउ पूँजी उपलब्ध गराउने, प्राङ्गारिक मलखाद तथा वीउ बिजन उपलब्ध गराउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। कृषि विद्युतीकरण तथा कृषि सडक निर्माणलाई विशेष प्राथमिकता दिईनेछ। पशुपन्छीजन्य उत्पादन वृद्धिका लागि नश्ल सुधार र बजार प्रवर्द्धन गरिनेछ ।

## १३. शैक्षिक सुधार तथा खेलकुद विकास

संघ र स्थानीय तहसँगको समन्वयमा शैक्षिक सुधारका विशेष कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । शैक्षिक पूर्वाधार निर्माण, विज्ञान प्रविधि र नवप्रवर्तनमा जोड दिईनेछ । मधेशका विश्वविद्यालय र विद्यालयबाट नैतिकवान् दक्ष सक्षम र विश्वस्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गरिनेछ । शैक्षिक गुणस्तर वृद्धि र विद्यालय व्यवस्थापन सुधारका लागि संघ र स्थानीय तहसँग समन्वय गरिनेछ । रङ्गशाला निर्माण तथा स्तरोन्नति सहित खेलकुद विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

## १४. स्वास्थ्य सेवा

आधारभूत स्वास्थ्य सेवालाई थप व्यवस्थित, प्रभावकारी एवं सुदृढ बनाईनेछ । आवश्यक्ता पहिचानको आधारमा स्वास्थ्य संस्थाहरुको स्तरीकरण गरिनेछ। स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गरिनेछ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई थप सुदृढ बनाईनेछ । स्वास्थ्य संस्थाहरुको भौतिक संरचनाहरुको क्रमशः स्तरोन्नति गर्दै लगिनेछ। स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्ति एवं स्वास्थ्य उपकरण व्यवस्थापनमा विशेष ध्यान दिईनेछ ।

## १५. मानव विकास तथा समाज कल्याण

प्रदेशका सबै नागरिकलाई उद्यमशील, उत्पादक र सक्षम बनाउन जोड दिईनेछ । जनसांख्यिक लाभलाई उच्चतम उपयोग गरि प्रदेशको समृद्धिमा योगदान बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक ज्ञान, सीप र प्रविधियुक्त दक्ष जनशक्ति विकास गर्न विशेष कार्यक्रम लागू गरिनेछ । महिला सशक्तीकरण एवं उद्यमशीलताको विकास गरी आर्थिक क्रियाकलापमा सार्थक सहभागिता सुनिश्चित गरिनेछ। बालबालिका, युवा, एकल महिला, अपाङ्गता भएका व्यक्ति लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ । जेष्ठ नागरिकको सम्मान र संरक्षण गरिनेछ । सबै प्रकारका सामाजिक विभेदको अन्त्य गरिनेछ ।

## १६. भौतिक पूर्वाधार विकास

आयोजना बैंकमा समावेश भएका कार्यान्वयन योग्य प्रदेश गौरवका तथा ठूला पूर्वाधार विकासका आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ ।विपन्न नागरिकको आवास कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।सार्वजनिक यातायातलाई सुरक्षित, सहज र वातावरणमैत्री बनाईनेछ ।

## १७. पर्यटन प्रवर्द्धन

मधेशको कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान वृद्धिका लागि पर्यटन पूर्वाधार विकास एवं प्रवर्द्धन गरिनेछ ।पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।पर्यटन क्षेत्रलाई रोजगारी सिर्जनाका मुख्य आधार बनाईनेछ ।पर्यटकीय स्थलको प्रचार प्रसारमा जोड दिईनेछ ।पर्यटन क्षेत्रको विकासका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ।

## १८. औद्योगिक विकास तथा निजीक्षेत्र प्रवर्द्धन

प्रदेशको अर्थतन्त्रमा उद्योग एवं निजी क्षेत्रको योगदान बढाउन विशेष कार्यक्रम ल्याईनेछ । स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रोत्साहित गरिनेछ ।उद्यमशीलता विकासको लागि कानुनी, संस्थागत र प्रक्रियागत सुधार गरिनेछ ।निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न अनुकूल वातावरण तयार गरिनेछ ।उपभोक्ताहीत संरक्षण सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## १९. वन तथा वातावरण संरक्षण

वन तथा वन्यजन्तु संरक्षण र विकास सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।वगर तथा नदी उकास र खाली जग्गामा वृक्षारोपण गर्ने कार्य गरिनेछ । जैविक मार्ग अध्ययन, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकूलन, चुरे संरक्षण एवं भूमिगत जल भण्डार पुनर्भरण सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## २०. उर्जा, सिँचाई, खानेपानी तथा सरसफाईः

सबै नागरिकलाई स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था मिलाउन प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ । ट्युवेल, स्यालो ट्युव जडान लगायतका कर्यक्रम कार्यान्वयन गरिनेछ। सिँचाई पूर्वाधार विकासमा प्राथमिकताकासाथ बजेट विनियोजन गरिनेछ । न्यूनतम सरसफाईको प्रत्याभुति गराउन प्रादेशिक सरसफाई कर्यक्रम, नवीन प्रविधिको

उपयोग तथा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। उर्जा संकट निवारणका लागि उर्जा विकास कार्यक्रममा पर्याप्त बजेट विनियोजन गरिनेछ ।

**२१. शान्ति सुरक्षा र विपद् व्यवस्थापनः**

प्रादेशमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न एवं आपराधिक गतिविधि नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। जनताको जीउ धन र सार्वजनिक सम्पत्तिको भरपर्दो सुरक्षा व्यवस्था मिलाईनेछ ।सुरक्षा निकायको पूर्वाधार विकास एवं सुरक्षा उपकरणका लागि पर्याप्त बजेट विनियोजन गरिनेछ । कानुनी सहायता आवश्यक पर्ने वर्गलाई निःशुल्क कानूनी सहायताका लागि आवश्यक व्यवस्था मिलाईनेछ। लागू पदार्थको ओसार पसार, प्रयोग तथा दुर्व्यसन नियन्त्रण तथा नैतिक शिक्षाको प्रवर्धनमा विशेष जोड दिईनेछ। आकस्मिक दुर्धटना पश्चातको उद्दार राहत तथा पुनःस्थापनाका लागि तीनै तहको सरकारको सहकार्य र समन्वयलाई प्रभावकारी बनाईनेछ।

**२२. सार्वजनिक वित्त व्यवस्थापन**

बजेट तर्जुमा प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र सूचना प्रविधिमा आधारित बनाई थप व्यवस्थित बनाईनेछ । राजस्व वृद्धिका लागि अध्ययन गरी सुझाव पेश गर्न राजस्व परामर्श समिति गठन गरिनेछ ।विनियोजन एवं खर्च कुशलता अभिवृद्धिका साथै वित्तीय अनुशासन कायम गरिनेछ ।आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाईनेछ ।बेरुजु न्यूनीकरण एवं फछ्र्यौटलाई प्राथमिकता दिईनेछ ।स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई थप व्यवस्थित बनाईनेछ । वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक कानुन निर्माण तथा संरचनागत सुधार गरिनेछ ।

**२३. सार्वजनिक सेवा र सुशासनः**

सार्वजनिक सेवामा रहेको कमी कमजोरीलाई निराकरण गरी सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र जनमुखी बनाईनेछ। प्रक्रियागत जटिलतालाई सहजीकरण गरिनेछ । सरकारी निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ । जनशक्ति विकास एवं दक्षता अभिवृद्धि गर्न तालिम र सीप विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । नवीनतम सूचना प्रविधिको प्रयोगबाट नागरिकलाई प्रदान गरिने सेवालाई सरल मितव्ययी र सेवाग्राहीमैत्री बनाईनेछ । सेवा प्रवाह एवं विकास निर्माणको नतिजामूलक अनुगमन तथा मूल्यांकन गरी प्राप्त सुझाव बमोजिम सुधार गरिनेछ ।

**माननीय सभामुख महोदय,**

२४. यस सम्मानित प्रदेश सभा समक्ष प्रस्तुत विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकताका आधारमा बजेट बिनियोजन गरी सोको प्रभावकारी कार्यान्वयनबाट मधेश प्रदेशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गरी जनचाहनाको समुचित सम्बोधनबाट प्रदेश सरकारप्रति जनविश्वास बलियो बनाउन आवश्यक छ ।

२५. अन्त्यमा, यस सम्मानित प्रदेश सभा समक्ष प्रस्तुत विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता उपर छलफल भई माननीय सदस्यज्यूहरुबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु। माननीय सदस्यज्यूहरुबाट व्यक्त हुने विचार, विश्लेषण र सुझावलाई महत्वपूर्ण मार्गदर्शनको रुपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने विश्वास दिलाउन चाहन्छु। कुशल विनियोजन एवं वित्तीय अनुशासन कायम गरी अर्थतन्त्रमा आशा एवं विश्वास जगाउन आगामी आर्थिक वर्षको बजेटको महत्वपूर्ण योगदान रहने विश्वास व्यक्त गर्न चाहन्छु।

**धन्यवाद।**